निजी क्षेत्रद्वारा लोडसेडिङ तालिका माग

हिमालय टाइम्स
काठमाडौं, १८ चैत

नेपाल विद्युत् प्राधिकरणले विद्युत् कटौती गरेपछि निजी क्षेत्रले चिन्ता प्रकट गरेको छ । विद्युत्को नियमित आपूर्ति सुरु भएसँगै उत्साहित भएको निजी क्षेत्र पछिल्लो समयको अनियमित विद्युत् आपूर्तिबाट चिन्तित बनेको हो । अनियमित विद्युत् आपूर्तिका कारण बुटवल-भैरहवा, बारा-पर्सा, सुनसरी-मोरङलगायतका औद्योगिक करिडोरका उद्योग बन्द हुने अवस्थामा पुगेको निजी क्षेत्रका छाता संगठनहरूले जनाएका छन् । शुक्रबार निजी क्षेत्रका छाता संगठनहरू नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले संयुक्त विज्ञप्तिमार्फत् उद्योग बन्द हुने अवस्थामा पुगेको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् । विद्युत्मा देखिएको ट्रिपिङ, लो भोल्टेजलगायतका समस्याबाट नियमित तालिकाअनुसार उद्योग सञ्चालन गर्न नसक्ने, अपर्झट विद्युत् आपूर्ति बन्द हुँदा करोडौँका मेसिनमा क्षति पुग्ने, उद्योग सञ्चालन नहुँदा कामदार कर्मचारीको तलब-ज्याला, उत्पादन कटौती हुँदा सामान डेलिभरी, बैंकको चर्को व्याज र साँवा भुक्तानीमा समस्या पर्न गएको भन्दै सरकार र प्राधिकरणको गम्भीर ध्यानाकर्षण गराइएको छ ।

जुनसुकै मूल्यमा पनि विद्युत् खरिद गरी औद्योगिक क्षेत्रमा ऊर्जा अभाव हुन नदिने र लोडसेडिङ नगर्ने प्राधिकरणको प्रतिबद्धतामाथि पनि निजी क्षेत्रले प्रश्न उठाएको छ । विद्यमान समस्या तत्काल समाधानका लागि नियमितरूपमा भारतीय बजारबाट विद्युत् खरिद गरी उद्योगलाई निर्बाध उपलब्ध गराउन वा सम्भव नभए उद्योगमा विद्युत् कटौती तालिका सार्वजनिक गर्न माग गरिएको छ ।

त्यसैगरी निजी क्षेत्रका ऊर्जा उत्पादकहरूसँग थप ऊर्जा उत्पादन गर्न सक्ने क्षमता भएकाले प्राधिकरणले तत्काल छलफल गरी समाधानको उपाय निकाल्नुपर्ने र आयातित विद्युत्को गुणस्तरमा ध्यान दिनुपर्ने बताइएको छ । संयुक्त विज्ञप्तिमा भनिएका छ, 'औद्योगिक क्षेत्रमा भइरहेको विद्युत्को अनियमित आपूर्तिले नेपालको औद्योगीकरणको यात्रामा गम्भीर धक्का लागेको छ । एकातर्फ प्राधिकरणले नै विद्युत् खपत बढाउन आग्रह गर्ने र अर्कोतर्फ बिनासूचना घण्टौं विद्युत् आपूर्ति अवरुद्ध पार्नुले थप चिन्ता बढाएको छ । यस अवस्थाको अन्त्य गरी औद्योगिक वातावरण निर्माणतर्फ ध्यान दिन सरोकारवालाहरूमा आग्रह गर्दछौं । सरकारको पूर्ण स्वामित्वको सार्वजनिक संस्थानले नाफा/घाटा नहेरी औद्योगीकरणको वातावरण निर्माणमा ध्यान दिँदा समग्र अर्थतन्त्रको विकासमा योगदान पुग्ने हाम्रो बुझाइ छ ।'

> निजी क्षेत्रले समस्या तत्काल समाधानका लागि नियमितरूपमा भारतीय बजारबाट विद्युत् खरिद गरी उद्योगलाई निर्बाध उपलब्ध गराउन वा सम्भव नभए उद्योगमा विद्युत् कटौती तालिका सार्वजनिक गर्न माग गरेको छ ।

नेपालको विशिष्टिकृत उत्पादन व्यवस्थापनको विद्यमान अवस्था आफैंमा सोचनीय रहेको उल्लेख गर्दै विद्युत् उत्पादन वृद्धि गरी उद्योगलाई सस्तो दरमा विद्युत् उपलब्ध गराउने र समग्र औद्योगिक उत्पादनको लागत न्यूनीकरणमा ध्यान दिनुपर्ने बेलामा उद्योगलाई विद्युत् को मूल्यवृद्धिको प्रस्ताव गरिनु दुर्भाग्यपूर्ण भएको बताइएको छ । तुलनात्मक लाभका वस्तु सहजरूपमा उपलब्ध गराई नेपालको औद्योगिक विकासमा सहयोग पुऱ्याउन सम्बद्ध सबै पक्षसँग आग्रह गरिएको छ ।

उत्पादन लागत निरन्तर बढिरहेको अवस्थामा पुन: चर्को लोडसेडिङले मुलुकको निर्यातमा गम्भीर धक्का लाग्ने र समग्रमा मुलुकको शोधनान्तर घाटा थप फराकिलो बनाउने भन्दै निजी क्षेत्रले चिन्ता प्रकट गरेको छ । अर्थतन्त्रको विकासका लागि महत्त्वपूर्ण आधारका रूपमा रहेको विद्युत् को नियमित आपूर्ति हुन नसक्ने हो भने आर्थिक वृद्धिको लक्ष्यमा पनि गम्भीर असर पुग्ने पनि निजी क्षेत्रको ठहर छ । साथै उच्च लागतमा वस्तु उत्पादन गर्दा त्यसले प्रतिस्पर्धी क्षमता गुमाउँदा समग्र निर्यात प्रभावित हुने बताइएको छ । उच्च लागतको वस्तु आपूर्ति गर्दा बजारमा सिर्जना हुने मूल्यवृद्धिले समग्र जनजीवन प्रभावित हुनेतर्फ बेलैमा ध्यान दिन पनि निजी क्षेत्रले आग्रह गरेको छ । बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकमको अभाव र चर्को व्याजबाट थलिएका उद्योग व्यवसायलाई अघोषित लोडसेडिङको अर्को समस्याले थप संकटतर्फ धकेल्दा स्वदेशी तथा विदेशी लगानीकर्तासमेत निरुत्साहित हुने, उद्योग बन्द हुने र बजारमा वस्तु आपूर्ति अवरुद्ध हुने परिस्थिति सिर्जना हुने बताइएको छ । संयुक्त विज्ञप्ति जारी गर्नेमा महासंघ अध्यक्ष शेखर गोल्छा, परिसंघ अध्यक्ष विष्णुकुमार अग्रवाल र चेम्बर अध्यक्ष राजेशकुमार मल्ल हुनुहुन्छ ।

आयल निगमको मासिक घाटा १० अर्ब पुग्ने

हिमालय टाइम्स
काठमाडौं, १८ चैत

नेपाल आयल निगमको घाटा ३२ अर्ब पुगेको छ । इन्डियन आयल कर्पोरेसन (आइओसी) ले पछिल्लोपटक पेट्रोलियम पदार्थको नयाँ मूल्यसूची निगमलाई पठाएको छ । नयाँ मूल्य सूचीअनुसार मासिक घाटा बढेर १० अर्ब रुपैयाँ पुग्ने निगमले जनाएको छ । आइओसीले शुक्रबार पठाएको मूल्य सूचीअनुसार एलपी ग्याँसमा मूल्य प्रतिसिलिन्डर दुई सय ७३ रुपैयाँ ३८ पैसा बढेको छ । पेट्रोलको मूल्यवृद्धि भने रोकिएको छ । पेट्रोलको मूल्य एक रुपैयाँ ४८ पैसा घटेर आएको भने डिजेलको मूल्य प्रतिलिटर दुई पैसाले बढेर आएको छ । मट्टितेल प्रतिलिटरमा २२ रुपैयाँ पैसा बढेको छ भने हवाई इन्धनको मूल्य प्रतिलिटर चार रुपैयाँ २३ रुपैयाँ बढेको छ । नयाँ मूल्यसूचीअनुसार १५ दिनमा पाँच अर्ब २१ करोड घाटा हुने निगमको दावी छ ।

व्यवसायीद्वारा पेट्रोलियम कारोबार ठप्प

निगमले कमिसन रोकेको भन्दै पेट्रोलियम व्यवसायीले शुक्रबार पेट्रोलियम पदार्थको ढुवानी रोकेका छन् । निगमले पछिल्लोपटक मूल्यवृद्धि भएको पेट्रोलियम पदार्थ तथा एलपी ग्याँसमा बिक्रेतालाई कमिसन नदिने निर्णय गरेको छ । जसको विरोधमा व्यवसायीले आन्दोलन गर्दै आएका छन् । कमिसन कटौतीको विरोधमा नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसन, नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघ र नेपाल एलपी ग्याँस उद्योग संघले संयुक्तरूपमा आन्दोलन गर्दै आएका हुन् ।

सोहीक्रममा शुक्रबार देशभर पेट्रोलियम पदार्थको ढुवानी रोकिएको एसोसिएसनका अध्यक्ष लिलेन्द्रप्रसाद प्रधानले बताउनुभएको छ । निगमले इन्धन खरिद गर्ने भारतीय डिपो र नेपालस्थित निगमको डिपोबाट डिलरले खरिद गर्ने सबै प्रकारका पेट्रोलियमको ढुवानी रोकिएको नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघले जनाएको छ । शुक्रबार निगमको डिपोबाट ढुवानी रोकेका व्यवसायीहरूले शनिबार रातको १२ बजेदेखि देशभर सञ्चालित पेट्रोल पम्प बन्द गर्ने चेतावनी दिएका छन् ।

यसैबीच राष्ट्रिय उपभोक्ता मञ्चले समस्या समाधानका लागि प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ । महँगीको मारमा रहेका उपभोक्तालाई आन्दोलन गरेर पेट्रोलियम व्यवसायीले थप मारमा पारेको भन्दै व्यवसायीका जायज माग तत्काल सम्बोधन गरी नाजायज मागका सम्बन्धमा कानुनी कारबाही गर्न मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले माग गर्नुभएको छ ।

'मिमा डबल मज्जा' अफर

काठमाडौं/हिटा । शाओमीले उपभोक्ताका लागि शाओमी टिभी खरिदमा अफर ल्याएको छ । अफरअन्तर्गत कुनै पनि मि टिभी खरिदमा उपभोक्ताले एउटा मि नोटबुक प्रो अथवा ४० इन्चको मि ४ ए टिभी जित्न सक्ने कम्पनीले जनाएको छ । उपभोक्ताको माग र नजिकिँदै गरेको नयाँ वर्षलाई ध्यानमा राखेर यस्तो अफर ल्याइएको बताइएको छ । अफरअन्तर्गत मि टिभी खरिद गर्ने एक भाग्यशाली विजेताले लक्की ड्रमार्फत् बम्पर उपहारका रूपमा मि नोटबुक प्रो र छजना भाग्यशालीले साप्ताहिक लक्की ड्रमार्फत् ४० इन्चको मि ४ ए टिभी जित्न सक्ने बताइएको छ । मि टिभीले एन्ड्रोइड सपोर्ट गर्ने भएकाले प्लेस्टोरमा भएका चार हजारभन्दा बढी एप सपोर्ट गर्ने कम्पनीको दावी छ । साथै टिभीमा भएको स्मार्ट ब्लुटुथ रिमोटले च्यानल चेन्ज गर्न टिभीमै रिमोट पोइन्ट गरी राख्नुपर्दैन भने नेपाली भाषामै युट्युब र नेट फ्लिक्समा सर्च गर्न मिल्छ । टिभीमा भएको डाटा सेभर प्रविधिले मोबाइल डाटाबाटै टिभी हेर्दा पनि अन्य टिभीभन्दा ४० प्रतिशत बढी डाटा बचत गर्ने बताइएको छ । अफर वैशाख ३१ गतेसम्म लागू हुने कम्पनीले जनाएको छ ।

क्युआर भुक्तानीबाटै डुंगामा सयर

काठमाडौं/हिटा । बेगनास तालमा रहेका डुंगा व्यवसायीहरूलाई क्युआर कोड वितरण गरिएको छ । नगदरहित कारोबार अभियानलाई निरन्तरता दिँदै सिभिल बैंक र फोनपेको सहकार्यमा शुक्रबार एक कार्यक्रमबीच बेगनास ताल डुंगा व्यवसायी संघमार्फत् डुंगा चलाउने दुई सय २० व्यवसायीलाई क्युआर कोड वितरण गरिएको हो । सो अवसरमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरूप्रसाद पौडेल, राष्ट्र बैंक पोखरा शाखाका निर्देशक डा. रामशरण खरेल, बेगनास ताल डुंगा व्यवसाय समिति अध्यक्ष ढकनाथ कँडेल, फेवाताल डुंगा व्यवसायी समिति अध्यक्ष बुद्धिबहादुर नेपाली, सिभिल बैंकका प्रमुख कार्यकारी अधिकृत सुनिल पोखरेल, फोनपेका एसिस्टेन्ट प्रमुख कार्यकारी अधिकृत दिवस सापकोटालगायतको उपस्थिति रहेको फोनपेले जनाएको छ ।

अब पशु वस्तुको उपचारमा डिजिटल एक्स-रे

हिमालय टाइम्स
काठमाडौं, १८ चैत

पशु वस्तुको उपचारमा पनि डिजिटल एक्स-रे, अल्ट्रासाउन्ड सेवा सुरु भएको छ । भेटेरिनरी अस्पताल मोरङका पशु चिकित्सक डा. रोजेन्द्र तिवारीले केही महिनादेखि पशु उपचारमा डिजिटल एक्स-रे, अल्ट्रासाउन्ड प्रयोग गर्दै आउनुभएको छ । नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (एनएलएसआइपी) ले स्थापनाको चौथो वर्षमा २२ ठाउँमा अल्ट्रासाउन्ड र आठ ठाउँमा डिजिटल एक्स-रे वितरण गरेपछि पशु वस्तुको उपचारमा नयाँ प्रविधि प्रयोग हुन थालेको हो ।

एनएलएसआइपीद्वारा सञ्चालित अल्ट्रासाउन्ड र डिजिटल एक्स-रेबारे प्रशिक्षणको समापन कार्यक्रममा उक्त जानकारी दिइएको छ । चैत ६ देखि १८ गतेसम्म दुई सिफ्टमा सञ्चालित प्रशिक्षण कार्यक्रममा विभिन्न जिल्लाका पशु चिकित्सकको सहभागिता रहेको थियो । एनएलएसआइपीका केशव भट्टका अनुसार परियोजनाले पहिलो चरणमा विराटनगर, महोत्तरी, चितवन, पोखरा, भैरहवा, कञ्चनपुर र

मकवानपुरमा डिजिटल एक्स-रे र मोरङ, झापा, सुनसरी, धनकुटा, इलाम, पर्सा, सप्तरी, धनुषा, सर्लाही, पोखरा, स्याङ्जा, भैरहवा, नवलपुर, ललितपुर, बाँके, कैलाली र कञ्चनपुरमा अल्ट्रासाउन्ड वितरण गरेको छ ।

समापन कार्यक्रममा पशु सेवा विभागका उप-महानिर्देशक जीवलाल लम्सालले पशु क्षेत्रमा नयाँ-नयाँ प्रविधिलाई परिचित गराउँदै लैजान विभाग लागिपरेको बताउनुभयो । विभाग मातहतका पशु चिकित्सकलाई दक्ष बनाउन डिजिटल एक्स-रे, अल्ट्रासाउन्डलगायत अन्य प्रविधिबारे तालिम पनि दिने योजना रहेको उहाँले जानकारी गराउनुभयो । प्रशिक्षक डा. सुशीलकुमार पौडेलले अधिकारका लागि धेरै लड्नुपरेको गुनासो गर्नुभयो । एनएलएसआइपीले प्रशिक्षक डा. सुशीलकुमार पौडेल, टीका गुरुङ र सिभिल अस्पतालका डा. योगेन्द्र विष्टलाई सम्मान पनि गरेको थियो ।

चोभार बन्दरगाहमा नेपाल बैंकको काउन्टर

हिमालय टाइम्स
काठमाडौं, १८ चैत

चोभारको सुक्खा बन्दरगाहमा नेपाल बैंकले राजस्व काउन्टर स्थापना गर्ने भएको छ । शुक्रबार एक कार्यक्रमबीच नेपाल बैंक र भन्सार विभागबीच बैंक काउन्टर स्थापना गरी भन्सार विभागको नाममा प्राप्त हुने राजस्व एवं धरौटीको रकम संकलनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो । विभागतर्फबाट महानिर्देशक कमलप्रसाद भट्टराई र नेपाल बैंकतर्फबाट प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारीले भन्सार विभागमा सो सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको हो । सम्झौतापत्रमा विभागको आवश्यकताअनुरूप बैंकले सरल र सहज तरिकाबाट राजस्व संकलन कार्य सञ्चालन गर्नेछ । नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत अधिकारीले अत्याधुनिक र नयाँ ऊर्जावान कर्मचारीबाट सञ्चालित नेपालको पहिलो बैंक नेपाल बैंकलाई नै चोभार भन्सारको राजस्व संकलनको जिम्मेवारी प्रदान गरेकोमा भन्सार विभागप्रति आभार प्रकट गर्दै आगामी दिनमा अन्य भन्सार कार्यालयमा पनि बैंकिङ सेवा उपलब्ध गराउन तयार रहेको बताउनुभयो ।

आजदेखि हाइड्रो एक्स्पो

काठमाडौं/हिटा । नेपाली जलविद्युत्को बजार प्रवर्द्धन भन्ने नारासाथ जलविद्युत् क्षेत्रका नवीनतम प्रविधि प्रदर्शनीदेखि सरोकारका सबै विषयवस्तुमा बहस तथा छलफल गर्ने गरी शनिबारदेखि हिमालयन हाइड्रो एक्स्पो सुरु हुँदैछ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इपान) र एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिस प्रालिले संयुक्तरूपमा आयोजना गर्ने तीनदिने एक्स्पोको उद्घाटनअघि विद्युतीय सवारी च्याली भृकुटीमण्डपबाट फर्पिङ जलविद्युत् गृह पुगेर फर्कने कार्यक्रम रहेको छ ।

एक्स्पोमा विभिन्न विषयवस्तुमा विभिन्न सत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञबीचमा छलफल हुनेछ । पहिलो दिन शनिबार जलविद्युत् आयोजना निर्माणमा नयाँ प्रविधि, उत्पादित विद्युत्को बजारीकरण तथा समस्या र हरित हाइड्रोजनका विषयमा छलफल हुने आयोजकले जनाएको छ । प्रविधिसम्बन्धी सत्रमा भिब्रो सिस्टम क्यानडाका रविशेख दीक्षितले हाइड्रो युनिटको उपयुक्त सञ्चालन तथा मर्मतमा प्रस्तुति दिनुहुनेछ । सिनेटेकका म्यानेजर मनोज भट्टराईले जलविद्युत्को राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उपलब्ध नवीन प्रविधिबारे चर्चा गर्नुहुनेछ । हरित हाइड्रोजनका सम्बन्धमा ब्रिटिस हाई कमिसन इन्डियाका वरिष्ठ ऊर्जा सल्लाहकार मिलिन्ड गोडब्लेले कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम रहेको छ । त्यस्तै जलविद्युत् क्षेत्रमा जलवायु परिवर्तन, वातावरणीय तथा सामाजिक विषयवस्तुका साथै विद्युतीय सवारीसाधन तथा विद्युतीय भान्साको वर्तमान

अवस्था र भविष्यका सम्भावनाबारे छलफल हुने बताइएको छ ।

एक्स्पोमा हाइड्रो निर्माता, हाइड्रो सामान उत्पादक, सप्लायर्स, डिजाइनर्स, कन्सलट्यान्ट, इन्स्योरेन्स कम्पनी, लगानीकर्ता र बैंक/वित्त कम्पनीलगायत सयवटाभन्दा बढी स्टल रहने आयोजकले जनाएको छ । एक्स्पोमा नेपालका साथै चीन, भारत, क्यानडा, नर्वे, दक्षिण कोरिया, जर्मनी, अस्ट्रिया, बुल्गेरिया, चेक रिपब्लिक, इटली, स्विडेन, बेलायत, ब्राजिललगायत मुलुकका कम्पनी तथा सरोकारवालाको सहभागिता रहने बताइएको छ ।

सूर्यतारा सिमेन्टको १४ अर्बभन्दा बढी लगानी स्वीकृत

हिमालय टाइम्स
काठमाडौं, १८ चैत

लगानी बोर्डको ५०औं बैठकले सूर्यतारा सिमेन्ट परियोजना निर्माण, सञ्चालन एवं व्यवस्थापनका लागि १४ अर्ब २७ करोड ५० लाख लगानी स्वीकृत गरेको छ । साथै नवलपरासीको बर्दघाटमा रासायनिक मल कारखाना स्थापना गर्ने समझदारी गरी विस्तृत सम्भाव्यता अध्ययनका लागि डिआइएजी इन्डस्ट्रिज जिएमबिएच जर्मनीलाई अनुमतिसमेत दिएको छ ।

प्रधानमन्त्री तथा लगानी बोर्डका अध्यक्ष शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बोर्ड बैठकले छ सय ६९ मेगावाट तल्लो अरुण जलविद्युत् परियोजना सम्बन्धमा प्रस्तावक कम्पनीले पेश गरेको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरेको छ भने माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको वित्तीय

व्यवस्थापनको म्याद थपसम्बन्धी विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा गठित समितिले पेश गरेको प्रतिवेदनका आधारमा विकासकर्तासँग वार्ता गरी समझदारीका लागि बोर्ड बैठकमा पेश गर्न लगानी बोर्डको कार्यालयलाई निर्देशन दिएको छ । त्यस्तै निजगढ अन्तर्राष्ट्रिय विमानस्थल परियोजनाको विकास तथा लगानीको ढाँचा र अरुण ३ बाट प्राप्त हुने नि:शुल्क ऊर्जा बिक्री तथा सो बाहेकको अतिरिक्त ऊर्जा खरिद विषयमा विस्तृत अध्ययन गरी बोर्डसमक्ष प्रतिवेदन पेश गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा दुई छुट्टा-छुट्टै अध्ययन समिति गठन गरेको पनि बोर्डले जनाएको छ । बैठकमा प्रधानमन्त्री देउवाले बढ्दो व्यापारघाटा, घट्दो विप्रेषण तथा तरलता समस्याबाट उन्मुक्ति पाउन गुणस्तरीय लगानीमा जोड दिनुभएको छ । उहाँले आर्थिक समृद्धिको जग निर्माण गर्न ज्ञान, सीप, पुँजी र प्रविधिको अहं भूमिका रहने भन्दै पुँजी र प्रविधि भित्र्याउन बोर्डलाई निर्देशन दिनुभएको छ । बैठकमा बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले बोर्डका पछिल्ला गतिविधिबारे जानकारी गराउनुभएको थियो ।

सूर्य नेपाल वेस्टर्न ओपनमा तामाङको अग्रता

काठमाडौं/हिटा । १३औं दक्षिण एसियाली खेलकुद (साग) को दोहोरो स्वर्ण पदक विजेता सुवास तामाङले बिहीबार हिमालयन गल्फ कोर्समा जारी सूर्य नेपाल गल्फ टुर २०२१-०२२ अन्तर्गत पाँचौं प्रतियोगिता सूर्य नेपाल वेस्टर्न ओपनको दोस्रो चरणमा अग्रता कायम राख्नुभएको छ । शीर्ष एमेच्योर तामाङले दोस्रो राउन्डमा ३६ होल जम्मा वन अन्डर १३५ का लागि एक ओभर ६९ रन खोल्नुभयो । तामाङ पेशेवर गल्फर जयराम श्रेष्ठमाथि एक सटको अग्रता लिएर तेस्रो र अन्तिम राउन्डमा प्रवेश गर्नुहुने कम्पनीले जनाएको छ । धनबहादुर थापाले एक ओभर ६९ रन खेलेर चार ओभर १४० रन खोल्नुभयो भने चौथो स्थानमा सञ्जय लामा र निरज तामाङले १४१ रन बनाउनुभयो । नेपाल पिजिएले सूर्य नेपाल प्रालिको प्रायोजनमा आयोजना गरेको प्रतियोगितामा कुल ३९ गल्फर, २५ पेशेवर र १४ एमेच्योरको सहभागिता रहेको छ ।

Office of Rural Municipal Executive
Kaligandaki Rural Municipality
Syangja, Gandaki Province

Invitation for Bids

Date of 1st Time Publication : 2078/12/18

Kaligandaki Rural Municipality, Syangja invites electronic bids from eligible bidders for **Construction of 15 Bedded Hospital for Kaligandaki Rural Municipality** under National Competitive Bidding –**Single Stage Two Envelop Bidding Procedure.**

S.N.	Contract No.	Description of Works	Bid Security Amount NRs	Last Date of Bid Submission	Contract Duration	Bid Fee (NRs)
1	KLGD/W/NCB/HP/06/078/079	Construction of 15 Bedded Hospital for Kaligandaki Rural Municipality	52,00,000	2079/01/19 12:00 NST	24 Months	10,000

1. **Qualification Criteria**:
   a. Minimum average annual construction turnover of NRS 16,50,00,000 (Sixteen Crore Fifty Lakhs Only) calculated as total certified payments received for construction contracts in progress or completed, within best three years out of last ten fiscal years.
   b. The bidding capacity of the bidder should be equal to or more than the NRs 19,35,00,000
   c. Participation as Prime contractor, management contractor, or subcontractor, in at least One contracts of RCC frame Structure Hospital Building within the last Five (5) years, each with a value of at least NRS 12,75,00,000 (Twelve Crores Seventy Five Lakhs Only) that have been successfully or are substantially completed and that are similar to the proposed works.
2. **Information for Bid Security**:
   Bank Name: Prime Comercial Bank (Kaligandaki Branch)
   Account No & Name: 06700202CA (Kaligandaki Gaunpalika Dharauti Khata)
3. The Employers Kaligandaki Rural Municipality, Syangja reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. Matters not covered by this notice shall be in accordance with bidding document, Public Procurement Act 2063(With Amendment), Public Procurement Rules and other Prevailing Regulations.
5. Eligible Bidders may obtain further information from the office of Kaligandaki Rural Municipality, Syangja during office hour or may vist PPMO web Portal . **https://bolpatra.gov.np/egp**

Chief Administrative Officer

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : आशुतोष प्रिन्टर्स, बालकुमारी, ललितपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४४७८१७७, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: desk@himalayatimes.com.np, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल